# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (LMTC),
# धुलिखेल, काभ्रे
# र
# काठमाण्डौं विश्वविद्यालय, (KU)
# धुलिखेल, काभ्रे

## बीच Masters in Land Administration
## कार्यक्रम सञ्चालन गर्ने विषयमा
## भएको सहमति (MoU)

भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (LMTC)
धुलिखेल, काभ्रे

र

काठमाण्डौं विश्वविद्यालय, (KU)
धुलिखेल, काभ्रे,

बीच
Masters in Land Administration कार्यक्रम संचालन गर्ने विषयमा
भएको सहमति (MoU)

## प्रस्तावना

भूमि प्रशासन सेवामा जनशक्तिको विकासका लागि स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम संचालन गर्न भूनि व्यवस्थापन प्रशिक्षण केन्द्रसंगको सहकार्यमा काठमाण्डौं विश्वविद्यालयले Masters in Land Administration कोर्षको थालनी गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडी बढाउन नेपाल सरकार (सचिव स्तर) बाट मिति २०७०।४।१६ मा निर्णय भएको र सामान्य प्रशासन मन्त्रालयबाट समेत कोर्ष थालनी सम्बन्धमा आवश्यक निर्देशन प्राप्त भएकोले निजामती सेवा ऐन, २०४९ को दफा ४० ख. को उपदफा (३) बमोजिम गठित समितिबाट प्राप्त निर्देशन समेतलाई मध्य नजर राख्दै भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय बीच प्रस्तुत कोर्ष संचालन गर्न देहाय बमोजिम यो सहमती पत्र (MoU) तयार गरी लागु गरिएको छ ।

### १. संक्षिप्त नाम, विषय र प्रारम्भः

१.१ यस सहमती पत्रलाई भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाण्डौं विश्वविद्यालय वीच Master in Land Administration कार्यक्रम सहकार्य गरी संचालन गर्ने सम्वन्धमा तयार भएको सहमति-पत्र (Memorandum of Understanding) भनिनेछ ।

१.२. यो सहमति पत्र दुवै पक्षवाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सहमति पत्रमा,

२.१. "LMTC" भन्नाले Land Management Training Center अर्थात भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र सम्झनु पर्दछ ।

२.२ "KU" भन्नाले Kathmandu University अर्थात काठमाण्डौं विश्वविद्यालय सम्झनु पर्दछ ।

२.३. "KUSoE" भन्नाले Kathmandu University, School of Engineering अर्थात काठमाण्डौं विश्वविद्यालय स्कूल अफ इन्जिनियरिङ सम्झनु पर्दछ ।

२.४. "KUSoA" भन्नाले Kathmandu University, School of Arts अर्थात काठमाण्डौं विश्वविद्यालय स्कूल अफ आर्टस सम्झनु पर्दछ ।

२.५. "MoLRM" भन्नाले Ministry of Land Reform & Management अर्थात भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्दछ ।

२.६. "MoU" भन्नाले LMTC र KUSoE विच भएको Memorandum of Understanding अर्थात "सहमति" सम्झनु पर्दछ ।

२.७. "कार्यक्रम" भन्नाले २ वर्षे अवधिको Master in Land Administration सम्झनु पर्दछ ।

२.८. "सम्बन्धित पक्ष" भन्नाले LMTC, KUSoE र KUSoA सम्झनु पर्दछ ।

२.९. "Batch" भन्नाले प्रत्येक बर्ष एक पटकमा भर्ना लिईने विद्यार्थीको समूह सम्झनु पर्दछ ।

२.१०. "Semester" भन्नाले ६ महिने अवधिको प्राज्ञिक कार्यक्रम सम्झनु पर्दछ ।

२.११. "समिति" भन्नाले MoU को दफा ५.२ वमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

## ३. भाषा र कानून:

३.१. MoU नेपाली भाषामा तयार गरिनेछ । डाटा तथा प्राविधिक सूचना अंग्रेजी भाषामा समेत आदान प्रदान गर्न सकिनेछ ।

३.२. MoU मा प्रयोग गरिएका दफाहरु प्रचलित कानून अनुसार व्याख्या गरिनेछ र यस MoU मा यदि कुनै मतमतान्तर उत्पन्न भएमा यसै MoU को दफा ८ मा उल्लेख भए अनुसार गरिनेछ ।

## ४. कार्य क्षेत्र (Scope of work)

४.१. सम्बन्धित पक्षवीच सहकार्य गरी २ वर्षे Master in Land Administration कोर्ष संयुक्त रुपमा काठमाण्डौं र धुलिखेलमा संचालन गरिनेछ ।

४.२. प्रत्येक Batch मा २० जनाको विद्यार्थी समूह हुनेछ । जसमा १० जना निजामती कर्मचारीहरु हुनेछन् भने बाँकी १० जना खुल्ला विद्यार्थीहरु हुनेछन् । निजामती कर्मचारीको तर्फबाट विद्यार्थी छनौट भूमि प्रशासन स्नातकोत्तर तह अध्ययन छात्रवृत्ति छनौट तथा मनोनयनका मापदण्ड तथा आधारहरु, २०७०" बमोजिम हुनेछ ।

४.३. विद्यार्थी छनौट कार्य KU तथा LMTC का विज्ञहरुद्वारा KU को मापदण्ड र छनौट आधार अनुसार गरिनेछ ।

## ५. भूमिका र जिम्मेवारी :

५.१. सन २०१३ को September मा पहिलो Batch संचालन गर्ने गरी आवश्यक तयारी कार्य दुवै पक्षले गर्नुपर्नेछ ।

५.२. Operational, तथा Academic Management का सम्बन्धमा निर्णय गर्नकालागि सम्बन्धित पक्षको सहमतिमा देहाय बमोजिमको सदस्य रहने गरी समिति गठन गरिनेछ ।

| | |
|---|---|
| रजिष्ट्रार | - अध्यक्ष |
| LMTC, कार्यकारी निर्देशक | - सदस्य |
| KUSoE, डीन | - सदस्य |
| KUSoA, डीन | - सदस्य |
| LMTC को निर्देशक वा Co-ordinator | - सदस्य |
| MoLRM को उपसचिव स्तरीय प्रतिनिधि | - सदस्य |
| KU को HOD वा Programme Co-ordinator | - सदस्य सचिव |

५.३. उक्त कार्यक्रमको लागी आवश्यक सैद्धान्तिक कक्षा सञ्चालन, कार्यशाला, सेमिनार, Project कार्य शोध तथा अनुसन्धान आदी शैक्षिक व्यवस्थापन कार्य केन्द्रको सहकार्यमा काठमाण्डौं विश्वविद्यालयले गर्नेछ ।

५.४. उक्त कार्यक्रमको लागी फिल्ड कार्य वा अन्य कुनै प्राविधिक प्रयोगात्मक कार्य गर्न काठमाण्डौं विश्वविद्यालय संगको पूर्वाधार वा क्षमता अपुगभै सहयोग माग भै आएमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रले आवश्यक सहयोग गर्न सक्नेछ ।

५.५. भूमि प्रशासनको क्षेत्रमा लामो अनुभव र योग्यता भएका प्रशिक्षक/उच्च अनुभवी कर्मचारीहरुको ज्ञान, अनुभव र सीपको उच्चतम उपयोग गर्ने उद्देश्यले काठमाण्डौं विश्वविद्यालय बाट त्यस्ता जनशक्ति हरुको अध्यापन कार्यमा सहयोग माग भै आएमा LMTC/ MoLRM को नियमित कार्यमा बाधा नपर्ने गरी उपलब्ध गराउन सकिने छ ।

५.६. स्नातकोत्तर तहको शोधकार्यका विषय वस्तुहरु तय गर्दा हाल नेपालको भूमि प्रशासन तथा व्यवस्थापन क्षेत्रमा देखा परेका समस्याहरु समाधान गर्न सघाउ पुग्ने किसिमले KU तथा MoLRM/LMTC का विज्ञहरुको आपसी परामर्शको आधारमा तय गरिनेछ ।

५.७. यस्ता विषयहरुमा शोधकार्य गर्दा एक-अर्कासंग भएका सूचनाहरु नियमानुसार आदान प्रदान गर्ने र एक आपसमा सहकार्य र सहमतीका आधारमा गर्न सकिनेछ ।

५.८. परिक्षा संचालन, नतिजा प्रकाशन, प्रमाण-पत्र वितरण आदि सम्बन्धी कार्यक्रम काठमाण्डौं विश्वविद्यालयले गर्नेछ ।

५.९. यो MoU लागू भएपछि लगातार रुपमा संचालन गर्न आवश्यक पर्ने निजामती कर्मचारीको लागी (भर्ना भएका कर्मचारीहरुको संख्याको आधारमा) छात्रवृत्ति रकम LMTC ले KU लाई हस्तान्तरण गर्नेछ ।

## ६. MoU लागु हुने मिति एवं समयावधिः

६.१. यस MoU मा उल्लेखित प्रावधानहरु हस्ताक्षर गरेको मितिले लागू हुनेछ ।

६.२. MoU को अवधि ५ वर्षको हुनेछ ।

६.३. MoU को समयावधि समाप्त भएपछि यस कार्यक्रमवाट प्राप्त उपलब्धिको पूनः मूल्याङ्कन गरी आपसी सहमतिमा कार्यक्रम समयावधि थप गर्न सकिनेछ ।

## ७. पाठ्यक्रम तथा कोर्ष संचालन सम्वन्धी स्विकृती :-

कार्यक्रमको पाठ्यक्रम तयारी, परिमार्जन र संशोधन MoLRM तथा सम्बन्धित क्षेत्रका विज्ञहरुसंग परामर्श गरी KU ले गर्नेछ ।

## ८. विवाद र समाधानः

सम्बन्धित पक्ष वीच यस MoU मा उल्लेखिति कुनै विषय, प्रावधान वा बूँदाको हकमा कुनै विवाद उत्पन्न भएमा आपसी छलफलको माध्यमद्वारा समााधान गरिनेछ । त्यस्तो विवाद आपसी छलफल र समझदारी मार्फत समाधान हुन नसकेमा समितिको निर्णयानुसार समाधान गरिनेछ र सो निर्णय अनुसार गरिएको समाधान नै अन्तिम हुनेछ ।

**९. सूचना आदान प्रदानः**

सूचना आदान-प्रदान तथा सम्पर्क गर्दा देहायमा उल्लेखित ठेगानामा e-mail, telephone, fax तथा अन्य माध्यमद्वारा गरिनेछ ।


KU

Dean , SoE
Kathmandu University
Dhulikhel, Kavre
Tel 00977-11-661399, 661511
Fax:00977-11-5533543
Email: info@ku.edu.np

LMTC

Executive Director
Land Management Training Centre
Dhulikhel, Kavre
Tel 00977-11-661455
Fax 00977-11-662078
Email: lmtc@ntc.net.np


१०. ठेगाना परिवर्तन भएमा सम्वन्धित पक्षले त्यसको लिखित सूचना समयमै अर्को पक्षलाई गराउनु पर्नेछ ।

माथी उल्लेख गरिए वमोजिमको व्यवस्था लागू गर्न दुवै पक्ष सहमत भएकोले देहाय वमोजिम सहीछाप गरि MoU को एक/एक प्रति लियौं दियौं ।

**काठमाण्डौं विश्व विद्यालयको तर्फवाट**

हस्ताक्षर :
मिति : २८.०९.२०६०
नाम : प्रा.डा. भोला थापा
पद : रजिष्ट्रार,

**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रका तर्फवाट**

हस्ताक्षर :
मिति : २०६०।९।२८
नाम : कल्याणगोपाल श्रेष्ठ
पद : कार्यकारी निर्देशक

**साक्षी**

हस्ताक्षर :
मिति :
नाम : रमेश कुमार मास्के
पद : एसोसिएट डिन, स्कुल अफ इन्जिनियरिङ्ग

**साक्षी**

हस्ताक्षर : २०६०।९।२८
मिति :
नाम : जनकराज जोशी
पद : निर्देशक